# नियम २९घ. को कार्यान्वयनका लागि सूचनाको व्यहोरा

**प्लाष्टिक बाहेकका जैविक रुपमा सडेर जाने (बायोडिग्रेडेवल) सामग्रीमा मात्रै प्याकिङ्ग गर्नु पर्ने सम्बन्धी जरुरी सार्वजनिक सूचना**

अन्तःशुल्क नियमावली २०५९ मा भएको चौविसौं संशोधनले संवत् २०८१ साल बैशाख १ गतेबाट सुर्ती, खैनी, गुट्खा, पान मसला, स्वीट सुपारी वा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने प्रतिष्ठानले प्लाष्टिक बाहेकका जैविक रुपमा सडेर जाने (बायोडिग्रेडेवल) सामग्रीमा मात्रै प्याकिङ्ग गर्नु पर्ने र यस्ता वस्तु पैठारी गर्ने इजाजतपत्रवालाले त्यस्तो वस्तुको प्याकिङ्ग सो उपनियम बमोजिमको सामग्रीमा गरिएको हुनु पर्ने व्यवस्था गरेको छ।

अन्तःशुल्क नियमावली २०५९ को उल्लिखित व्यवस्था अनुसार संवत् २०८१ साल बैशाख १ गतेबाट सुर्ती, खैनी, गुट्खा, पान मसला, स्वीट सुपारी वा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने प्रतिष्ठानले प्लाष्टिक बाहेकका जैविक रुपमा सडेर जाने (बायोडिग्रेडेवल) सामग्रीमा मात्रै प्याकिङ्ग गर्न तथा पैठारी गर्ने इजाजतपत्रवालाले समेत त्यस्तो वस्तुको प्याकिङ्ग सो उपनियम बमोजिमको सामग्रीमा पैठारी गर्नु गराउन आवश्यक तयारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । संवत् २०८१ साल बैशाख १ गते देखि उल्लिखित कानूनी व्यवस्थाको परिपालना नभएको पाइएमा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गराइन्छ ।